मिजासले आफूलाई यतिकैमा माथि पुगेको ठान्नु हुदैन, आफूलाई सधै सानो देख्ने बानी बसाउदै निरन्तर माथि उठ्ने प्रयास गर्नु पदर्छ । एउटा मूर्तिकारले बोलिहाल्ला कि जस्तो मूर्ति तयार पार्नका निम्ति छिनोले अथक साधाना गर्नु पदर्छ । त्यस्तै एउटा चित्रकारले आफ्नो कुचीलाई त्यसै गरी निरन्तर गतिमान बनाउनु पदर्छ । त्यसरी नै एउटा स्रष्टाले पनि आफ्नो कलमलाई निरन्तर उध्याइरहनु पदर्छ । उसले भावनाको उद्‌बोधनमा, चेतनाको प्रस्फुटनमा, कलात्मक सौन्दर्यको विधानमा राम्रो खिप्ती गर्नु पदर्छ । अनि समाजलाई आमूल परिवर्तन गर्ने उदेश्यलाई साकार र सार्थक बनाउने ध्याउन्ना गरिरहनु पदर्छ ।

– **डा. नरेन्द्र चापागाई**
**बिराटनगर, २०५७**

नेपालको त्यो यथार्थता जो हामी भोगिरहेका छौं जसबाट हामी गुज्रीराखेका छौं, त्यस्को त्यो मर्मलाई मिजासले उनको अर्थ अवतरणमा उपस्थित गराई दिएका छन्, राखिदिएका छन् । यसले मलाई ज्यादैनै आकर्षित गरेको छ । हामी जुन अवस्थामा बाँचिरहेका छौं त्यसको बिम्व, त्यसको यथार्थता मैले उनका कविताहरुमा देखें । यो अन्योलको स्थिति, अलमलको स्थिति, हो पनि होइन पनि, छ पनि छैन पनि त्यो बिचको माखेसाङ्लोको यो जुन भयानक स्थिति छ, न अगाडि बढ्न सकेका छौं न पछाडि हट्नै सकेका छौं, न केहि उपलब्धि गरिरहेका छौं न अनुपलब्धिमा छौं । यो छ र छैनको माँझमा, हो र होइनको माँझमा जस्तो जुन संकटबाट हामी गुज्रीरहेका छौं त्यसलाई कवि मिजासले कविताहरुको माध्यमबाट जसरी राखिदिएका छन् मलाई लाग्छ त्यो हाम्रो सजिब चित्रण हो । मिजास भित्रको जुन बिद्रोह छ, जुन असन्तोस छ, उनमा जुन किसिमको अतृप्ती छ र जुन खाली ठाउँहरुबाट हिड्न खोजिरहेका छन् त्यो खाली ठाउँहरुको हिडाई एउटा केहि प्राप्तीको लागि हो । त्यो खाली ठाउँ खाली रहेन भने र त्यो शून्यता हामीले अनुभव गरेनौ भने त्यो शून्यताबाट अझ माथि हामी कसरी जाने ? त्यो खाली ठाउँहरु भन्दा अगाडि कसरी बढ्ने ? अगाडि बढ्नको निमित्त हामीले जुन खाली ठाउँ भनेर देख्तछौं त्यो कविको शुक्ष्म दृष्टिको एउटा अभिब्यक्ति हो र त्यो सामान्य पाठकहरुले नदेख्न सक्छन् । मलाई लाग्दछ, त्यो खाली ठाउँ अवश्य रहन्छ । हामी त्यहाँबाट पनि उन्मुक्ति चाहन्छौं । अझ अगाडि बढ्न खोज्दछौं । त्यसैलाई हामीले खाली ठाउँ भनेका हौं ।

– **कृष्णचन्द्रसिं प्रधान, काठमण्डौ**, (२०६६)

शक्तिशाली छन् मिजासका कविताहरु । मिजास तेम्बेको समय, मान्छे र म कविता दिक्कालभन्दा अझ टाढा सृष्टिको अनादि र अनन्तसम्म सुनिने गरी सोधिएको एक जिज्ञाशा हो, एक दार्शनिक प्रश्न । यो मानव नियतिको, उसले बुझेको सत्यको, सारा बुझ्न नसकेका बिरोधाभाषहरुको पहरामा ठोकिएर अनिर्णित अवस्थामा झुण्डेको मानव । यो दार्शनिक कविताले मानब नियतिको एउटा पक्षलाई कति राम्रो परिभाषित गर्दछ, सेक्सपियरले **अल द वर्ल्ड इज ए स्टेज** भनेझैं, पूर्वीय दर्शनले **जगन्मिथ्या** भनेझैं, मैले यहाँ डेरेडियन अनिर्णितता र भ्रान्तिमा रमाउनेहरु मिजासको मनमा नाचेको देखे ।

– **डा. गोबिन्दराज** भट्टराई

मिजासका कविताहरु तपाई हाम्रो जीवनका कठिन परीक्षाहरुमा सोधिएका असजिला प्रश्नपत्रहरु हुन् । तपाईलाई सोधिएका, मलाई सोधिएका र हामी बाँचेको समयलाई सोधिएका अनिवार्य प्रश्नहरु हुन् । प्रश्नै प्रश्नको जंगलभित्र हराएका छन् जीवनका प्रिय उत्तरहरु, सपनाहरु र आश्थाहरु...... ।
**(केहि क्षण मौन रहन्छु । मौनता मेरो शक्ति हो ।)**
हिड्दा हिड्दै केहि क्षण शब्दका खुट्किलामा रोकिन्छु । र यो यात्रामा मेरो समयको एउटा गतिशील कवि मिजास तेम्बे र उनका शब्दलाई स्वागत गर्छु ।

– **विप्लव ढकाल**

मनलाई छुन सक्ने अनि स्तरिय कविताहरु लेख्न सक्ने कवि हुन् कवि मिजास तेम्बे ।
– **डा. ध्रुवचन्द्र गौतम,** (२०६६)

मिजासका कविताहरु सुन्दर छन् । हेर्दा सानो लाग्छन् तर दूरवीन जस्ता लाग्छन् । आँखाको नानी सानै त हुन्छ नी । उनका कविताहरुले मात लाग्छ ।

– **उषा शेरचन**

खै किन हो म मिजास भाईलाइ बिर्सिन्न कहिल्यै। यी भाई साहित्यतिर लागेका छन्, सप्रेका हुन् कि बिग्रेका हुन् थाह छैन । उनले शुन्दर कविता मात्र लेख्दैनन्, शुन्दर कविताहरुको सम्पादन पनि गर्छन् ।

– **बिष्णुविभू घिमिरे**

कवि मिजास तेम्बे एउटा हातमा कलम र अर्को हातमा मसी लिएर कविता लेख्ने कवि होईनन‍ब उनी त एउटा हातमा बन्दुक र अर्को हातमा कलम लिएर साहित्य सृजना गर्ने साहित्यकार हुन् ।
– **डा. कुमार बहादुर कोई**राला

मिजास डायस्पोराबाट देश दिईरहेका छन् । विश्वको एउटा विम्ब दिईरहेका छन्, जुन विम्ब हामीले बाँचिरहेको समयको तस्वीर हो । जुन तस्वीरमा हाम्रो जीवन छैन तर हामीले बोकिरहेको युग चाहि छ ।

– **गोपाल पराजुली**

आजका कविताहरु पनि समयले ल्याएको हाईटेक जमानावाट निरपेक्षित रहन सकेन । फलत: जसरी हामी उच्च अत्याधुनिक प्रविधिद्वारा निर्मीत बस्तुहरुको वशमा रहन पुग्यौं, त्यसरी नै हाइटेक जमानाका कविताहरुवाट नियन्त्रित साशित हुन पुगेका छन् आजका कवि, पाठक र भावकहरु । अव हिजोको काब्य शात्रको पुरातन परिभाषा र मान्यताहरुको परम्परामा अर्थहरुको पुर्व तयारी टालो टाँसेर मात्रै धर पाउने छैनन् तिनले । तथापि कवितामा पनि उच्च अत्याधुनिक प्रविधिको प्रयोग र विधिको उपयोगले काब्यको आत्मालाई थिचिमारेर उस्को पार्थिव शरीर मात्रै त श्रृङ्गार पटार गरिरहेका छैनौं हामी? अनगिन्ती प्रश्नहरु जगाएका छन् मिजासका कविताहरुले । अक्षर र शब्दको भित्तावाट अर्थ उप्काएर हेर्‍यो भने कविताको अघिल्तिरको यौटा पाटो मात्रै देखिने छ । कविताको सम्पूर्णतालाई ग्रहण गर्न उनका कविताको पछिल्तिरको भागवाट उत्पन्न छाँया सम्म पुग्न सक्नु पर्दछ । कविताको चेतनवाट अक्षरहरुको अवचेतन वा अचेतन सम्म पुग्न पर्दछ । भन्न खोजिएको होइन, भन्न छोडिएका खाली ठाँउहरुवाट बोल्नु पर्दछ । सोच्नु पर्दछ । शब्द अवचेतनवाट प्रकट हुने अमूर्त लाक्षणिकता वा शब्द अभिप्राय अथवा अभिलक्षणहरुवाट अर्थ जगाएर मिजासका कविताहरुलाई खोज्न सक्नु पर्दछ । समग्रमा मिजासका कविताहरुले यौटा छुट्टै नयाँ चिन्तन र नवचेतनाको आग्रह राख्दछ । यसो भए निश्चयनै मिजासका कविताहरु हाईटेक जमानाको साशक बन्ने छन् ।

– **रक्ष राई**

मलाई मिजासका कविताहरुले नशा झैं लट्ट बनायो । शब्दका पहाडहरुले पाठकलाई किच्याएर प्रयोगवादी कवि हुँ भन्ने भ्रमवाट मुक्त देखिन्छन् उनी । उनका कविताहरु सरल शब्दमा बढी प्रतिकात्मक र स्वछन्द देखिन्छन् ।

– **दयाकृष्ण राई**

मिजास तेम्बे एउटा उदियमान नाम, प्रतिभाशाली नाम हो । एक प्रकारले माझिएको कलम र खारिएको भावना भेटिन्छन उनको सिर्जनाहरुमा । नेपाली साहित्यमा उनको शुभआगमनलाई हार्दिक स्वागत गर्दछु ।

– **डा. बाशुदेव त्रिपाठी** ,(२०६१)

मिजास तेम्बे ढुङ्गाको बस्तीमा बसेर फूलको बर्षा गराउने स्रष्टा हुन् ।

– **नारायण श्रेष्ठ**

जीवन र जगतलाई टाढावाट नहेरेर नजिकवाट हेर्नु पर्छ । खाली ठाउँहरुवाट बोल्नु पर्छ । यो मानव जीवनको हरेक क्षेत्रमा प्रयोग हुन्छ । शब्दका रसायनहरुलाई बुझेर, शब्दको बहुआयामिकता अथवा शक्तिलाई चिन्न सक्यो भने मात्र अभिप्रायहरुको जागरण हुन सक्दछ । लेखनका क्षेत्रमा यस्ता खाले चिन्तनहरु माथि चिन्तन गर्नु पर्ने बेला छ । भिड्हरुमा पाइला राख्नको लागि खाली ठाउँ चाहिन्छ, भिड्हरुमा भिड् थपिनको लागि पनि खाली ठाउँमै टेक्नु पर्दछ । खाली ठाउँ उस्को धरातल हो । त्यहि धरातलमा उस्ले शक्तिशाली सृजनाहरु गर्न सक्दछ । जुन स्रष्टाले कुनै पनि बस्तुलाई नबिनतम चेतनाले बुझ्दछ र त्यसलाई सृजनामा अभिब्यक्त गर्दछ भने उसको सृजनामा पाठकहरुले नयाँपनको आभाष पाउछन् । र यस्ता चेतनावादीय स्रष्टा र सृजनाले नै समयलाई हाक्न सक्दछ । तर जुन स्रष्टा र सृजनामा नविन सोंच र दृष्टिकोण छैन भने उस्लाई समयले घिस्याईरहेको हुन्छ । साहित्यमा मिजासले यीनै कुराहरुको प्रयोग गर्न चाहेका छन् ।

– **काङमाङ नरेश**